Centre for Social Change
सामाजिक परिवर्तन केन्द्र

# Digital Civic Engagement
# डिजिटल नागरिक सहभागिता

डिजिटल नागरिक सहभागिता भनेको इन्टरनेट र डिजिटल प्रविधिको माध्यमबाट नागरिकहरूले आफ्ना विचार, मुद्दा, असन्तुष्टि, सुझाव र अभियान प्रस्तुत गर्दै सार्वजनिक निर्णय तथा सामाजिक परिवर्तनमा सक्रिय रूपमा सहभागी हुने प्रक्रिया हो। यस प्रक्रियाले नागरिकहरूलाई सामाजिक सञ्जाल, वेबसाइट, मोबाइल एप लगायत विभिन्न डिजिटल माध्यमहरू प्रयोग गरी सरकार, संस्था र समुदायसँग जोडिन सहयोग गर्छ।

| | |
|---|---|
| ह्यासट्याग (#) अभियान र वकालत<br>(Hashtag Activism and Advocacy) | सामाजिक सञ्जालमार्फत विशेष मुद्दामा जनचेतना फैलाउने र नीतिगत दबाब सिर्जना गर्ने अभियान;<br>(#सफा_काठमाडौं #enoughisenough #नागरिकसहभागिता #corruptionfreenepal) |
| अनलाइन प्रस्तावना र खुला पत्र<br>(Online Petitions and Open Letters) | डिजिटल प्लेटफर्म वा सामाजिक सञ्जालमार्फत नागरिकले कुनै विषयमा औपचारिक माग, सुझाव वा असन्तुष्टि व्यक्त गर्ने तथा डिजिटल हस्ताक्षर संकलन गर्ने प्रक्रिया; (Change.org वा सामाजिक सञ्जाल मार्फत, www.pratipakchya.com, www.gunaso.opmcm.gov.np) |
| सामूहिक विचार संकलन र प्रस्तुति<br>(Crowdsourcing & Idea Sharing) | डिजिटल प्लेटफर्म मार्फत नागरिकका विचार, सुझाव र समाधानका उपाय संकलन गरी साझा गर्ने प्रक्रिया;<br>(www.digitalpratipakshya.com) |
| डिजिटल स्वयंसेवा र नागरिक अभियान<br>(Digital Volunteerism & Civic Campaigns) | डिजिटल प्लेटफर्म वा माध्यममार्फत सामाजिक वा सामुदायिक काममा सक्रिय सहभागी हुने प्रक्रिया; (युवाहरूले “प्लास्टिकमुक्त टोल अभियान” सञ्चालन गरी डिजिटल रूपमा अभियान प्रचार र समन्वय गर्ने) |
| डिजिटल परियोजना अनुगमन र जवाफदेहिता<br>(Digital Project Monitoring & Accountability) | विकास योजनाहरूको कार्यान्वयन र पारदर्शितामा डिजिटल वा अनलाइन माध्यममार्फत निगरानी गर्नेइन र प्रतिवेदन दिने प्रक्रिया; (विकास निर्माणको प्रगति फोटो/पोस्टमार्फत सार्वजनिक गर्ने) |
| अनलाइन सर्वेक्षण, मतदान र परामर्श<br>(Online Surveys, Polls & Public Consultation) | डिजिटल माध्यमबाट नागरिकको राय, प्राथमिकता र प्रतिक्रिया संकलन गर्ने प्रक्रिया; (Facebook page वा Google Form मार्फत अनलाइन मतदान/सर्वेक्षण; janamat.app) |
| सरकारी वेबसाइटमार्फत स्थानीय मुद्दा रिपोर्टिङ<br>(Local Issue Reporting using government websites) | सरकारी वेबसाइट, एप वा डिजिटल प्रणालीमार्फत स्थानीय समस्या, गुनासो वा सुझाव अनलाइन दर्ता गर्ने प्रक्रिया; (सडक, पानी वा विद्युत समस्या अनलाइन उजुरी प्रणालीमार्फत रिपोर्ट गर्ने, email को प्रयोग गरि सुचना दिने) |
| सामग्री सिर्जना (ब्लग, भिडियो, पोडकास्ट)<br>(Content Creation) | आफ्नै विचार र जानकारी साझा गर्न ब्लग लेखन, भिडियो वा पोडकास्ट तयार पार्ने प्रक्रिया |




# डिजिटल नागरिक सहभागिताका अवसर र चुनौतीहरू

## अवसर (Opportunities)

- **पारदर्शिता वृद्धि-** सरकारी कामकाज (बजेट, अडिट) सम्बन्धी जानकारी नागरिकले एप/पोर्टलमार्फत वास्तविक समयमा पाउन सक्ने
- **नीतिगत प्रक्रियामा द्रुत प्रभाव -** भाइरल अनलाइन अभियानले सरकारलाई विभिन्न मुद्दामा छिटो कदम चाल्न दबाब दिने
- **पहुँचमा वृद्धि-** डिजिटल उपकरणमार्फत भौगोलिक तथा शारीरिक अवरोध पार गर्दै दूरदराजसम्म सहभागिता सम्भव हुने
- **समावेशीकरण र विविधता -** नागरिक सहभागितामा सीमान्तकृत समुदाय र व्यक्तिहरूको आवाज पनि सहज रूपमा समेटिने
- **युवा सहभागिता-** प्रविधिमा दक्ष युवाहरूले TikTok भिडियोहरू वा डिजिटल स्वयंसेवा मार्फत नागरिक सहभागितामा योगदान पुऱ्याउन सक्ने
- **दक्षता र लागत-प्रभावकारिता -** डिजिटल माध्यमको प्रयोगले पटक-पटक भौतिक रूपमा उपस्थित भई टोल वा वडा स्तरका भेला गर्नुपर्ने आवश्यकता घट्ने हुँदा समय र खर्च दुवै बचत हुने

## चुनौती / जोखिम (Threats)

- **डिजिटल विभाजन** (Digital Divide) **-** आय, भौगोलिक अवस्थिति र उमेरका असमानताले सिर्जना गरेको खाडलका कारण ग्रामीण गरिब तथा वृद्ध नागरिकहरु सहभागिताबाट वञ्चित हुन सक्छन्
- **भ्रामक तथा गलत सूचना -** फेक न्यूज, घृणास्पद सामग्रीले जनमतलाई प्रभावित गर्न सक्छ
- **एल्गोरिदम पूर्वाग्रह** (Algorithm Bias)**-** अनलाइन समुदायहरूलाई विभाजित गर्ने, ध्रुवीकरण गर्ने र आक्रोश निम्त्याउने जोखिम हुन्छ
- **गोपनीयता र सुरक्षा जोखिम-** सूचनाको हक (RTI) अन्तर्गत उजुरी दिने व्यक्तिको जानकारी अनधिकृत रूपमा बाहिरिन वा दुरुपयोग भई जोखिममा पर्न सक्छ
- **अनलाइन दुर्व्यवहार-** अज्ञात परिचय (Anonymity) को आडमा सामाजिक/राजनीतिक अभियन्ताहरू विरुद्ध विषाक्त टिप्पणी र दुर्व्यवहार बढाउन सक्छटिप्पणी र दुर्व्यवहार बढाउन सक्छ
- **डिजिटल साक्षरताको कमी -** सबै नागरिकमा डिजिटल उपकरण र अनलाइन माध्यम प्रभावकारी रूपमा प्रयोग गर्ने क्षमता नहुन सक्छ

Source:
Digital vs. Traditional Civic Engagement: How Americans Participate in Democracy Today | GovFacts
Nchaga, Asuma & University IX, Kampala International. (2025). Civic Engagement in the Digital Age: Challenges and Opportunities. NEWPORT INTERNATIONAL JOURNAL OF CURRENT ISSUES IN ARTS AND MANAGEMENT. 6. 58-65. 10.59298/NIJCIAM/2025/6.1.5865.